नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली
धनगढी,नेपाल

मितिः २०८२/०६/२२

सूचना नः १२

## प्रस्ताव आव्हान सम्बन्धी पुन प्रकाशित सूचना

यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु सञ्चालन गर्न यस अघि प्रकाशित सूचना अनुसार यस कार्यालयमा पर्याप्त मात्रामा प्रस्ताव पेश नभएको/फिल्ड भेरिफिकेशन गर्दा आवश्यक मापदण्ड नपुगेको हुँदा यस कार्यालयमा नियमानुसार सुचीकृत भएका इच्छुक कृषि समुह/कृषि सहकारी/संस्था/समिति/कृषि फर्म/कृषि कम्पनी/कृषि उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात् मिति २०८२/०६/२८ गते भित्र कार्यक्रम कार्यान्वयन एकाइ, धनगढी कार्यालय वा कैलारी-८, लौंसा र भजनी-१, भजनी बजारमा रहेका यस कार्यालयका सम्पर्क स्थलहरु मध्ये आफूलाई पायक पर्ने स्थानमा तोकिएको ढाँचा अनुसार आवश्यक कागजातहरु सहित आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट (रु.लाखमा) | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | धान जोन | कार्यक्षेत्रः जोशीपुर गा.पा. वडा नं १, २, ३, ४, ५, जानकी गा.पा. वडा नं ४ र भजनी न.पा. वडा नं ३, ६, ८ | | | | |
| १ | धान बिज बृद्दि कार्यक्रम संचालन | हेक्टर | ५० | १० | ५० प्रतिशत | नेपाल सरकार द्वारा सिफारिस धानका जातहरुको मूल/प्रमाणित/लेवल/स्रोत स्तरको बिउ उत्पादन गर्नुपर्ने। |
| ख) | परियोजना कार्यान्वयन इकाई | गहुँ सुपरजोन, धान जोन, तेलहन जोन तथा माछा जोन को कार्यक्षेत्र | | | | |
| २ | गहुँ प्रशोधन गर्ने आधुनिक मेशिनमा अनुदान कार्यक्रम | पटक | १ | २० | ५०-८५ प्रतिशत सम्म | नेपाल सरकार बाट खाद्य उद्योग सञ्चालनको लागि नियमानुसार इजाजतपत्र प्राप्त तथा हाल सञ्चालनमा रहेको उद्योगले आवेदन दिन सक्नेछन। |
| ३ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गह्रा सुधार) | संख्या | ४ | ४० | ५० प्रतिशत | परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१) मा व्यवस्था भए बमोजिम कार्यान्वयन हुने। |

गोविन्दराज जोशी
वरिष्ठ कृषि अधिकृत



Scanned with OKEN Scanner

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, कैलाली

धनगढी,नेपाल

| चैते धान प्रवर्द्धन कार्यक्रम | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ११ | २२ | लागत अनुमानको बढीमा ५० प्रतिशत | चैते धान खेती प्रवर्द्धन गर्न कुलो, नहर, डिप टयुबवेल प्रणाली, सौर्य सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार र स्यालो टयुबवेल जडान कार्यक्रम सञ्चालन गर्न सकिनेछ। |

**आवश्यक कागजातहरु:**

१. रु.१० को टिकट टाँसेको अनुसुची १० बमोजिमको निवेदन तथा फाराम।

२. कार्यक्रम माग गर्ने सम्बन्धी संस्थाको बैठकको निर्णयको प्रतिलिपि।

३. सम्बन्धित निकायमा संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. सम्बन्धित गाउँपालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखा/पशु सेवा शाखाको सिफारिस पत्र।

५. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

६. आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

७. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको र मर्मत तथा निर्माण पूर्वाधारका लागि १० वर्षको सम्झौताको प्रतिलिपि।

८. निर्माण तथा मर्मत संग सम्बन्धित क्रियाकलापको हकमा सम्बन्धित जग्गा धनीको सहमति पत्र।

**विस्तृत जानकारीका लागिः**

कार्यक्रम कार्यान्वयन एकाइ, कैलालीको सम्पर्क नं ०९१-५२२९७७, ०९१-५९१०७३, ९८५८४८८२१२ वा सूचना अधिकारीको सम्पर्क नं ९८५८४८४९०४ मा सम्पर्क गर्न सकिनेछ।

**नोटः** यस अघि यस कार्यालयमा सूचिकृत हुन छुटेका कृषि समुह/कृषि सहकारी/संस्था/समिति/कृषि फर्म/कृषि कम्पनी/कृषि उद्यमीहरुले समेत नियमानुसार सूचीकृत गराइ प्रस्ताव पेश गर्न सक्नेछन। साथै यस अघि आवेदन दर्ता गराइसकेका सेवाग्राहीहरुले पुनः निवेदन पेश गर्नुपर्ने छैन।

गोविन्दराज जोशी

(वरिष्ठ कृषि अधिकृत)



Scanned with OKEN Scanner